दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : | संख्या : ११ | मिति २०७५।४।१ |

भाग-१

## दमक नगरपालिका, झापा

**प्रस्तावना :**

नेपालको संविधानले मौलिक हक अर्न्तगत प्रत्येक नागरिकलाई रोजगारीको हक प्राप्त हुँदा रोजगार पाउने कुराको सुनिश्चिता गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई दक्ष, व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारीको अभिवृद्धि गर्ने, श्रमिकहरुको आधारभूत अधिकारहरुको प्रत्याभूत गरी सामाजिक सुरक्षा प्रदान गर्ने, राज्यको श्रम तथा रोजगार सम्बन्धी नीतिहरुको कार्यान्वयन गर्ने क्रममा नगर कार्यपालिकाका कर्मचारी, जनप्रतिनिधि, आमनगरवासी, जात-जाति तथा समुदायको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी नगर क्षेत्रबाट नै दक्ष जनशक्ति उत्पादन गर्ने उद्धेश्यले अभिप्रेरित भई दमक नगर कार्यपालिकाद्वारा **नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन २०७४** को अधिनमा रही यो कार्यविधि बनाई लागू गरिएको छ ।

# परिच्छेद– १

## प्रारम्भिकः

१) **संक्षिप्तनाम र प्रारम्भः** यस कार्यविधिको नाम "**मानव संसाधन बिकास कार्यविधि २०७४" रहेकोछ ।**

२) **यो कार्यविधि नगर कार्यपालिकावाट पारित भई स्थानीय राजपत्रमा प्रकासन भएको मितिवाट लागू हुनेछ ।**

३) **परिभाषाः** विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

३.१."**मानव संसाधन विकास कार्यविधि**" भन्नाले नगर कार्यपालिकाबाट जारी भएको मानव संसाधन विकास कार्यविधि, २०७४ सम्झनु पर्दछ ।

३.२. "**उप समिति**" भन्नाले मानव संसाधन विकास कार्यविधि अर्न्तगत गठन भएको उपसमिति सम्झनु पर्दछ ।

# परिच्छेद–२

## मानव संसाधनको विषय र क्षेत्रगत व्यवस्थापन

४) **मानव संसाधन विषयः** नगर कार्यपालिका क्षेत्र भित्र मानव संसाधनका क्षेत्र देहाय बमोजिम हुनेछन्:

४.१ औपचारिक, अनौपचारीक शिक्षा

४.२ औपचारिक, अनौपचारीक तालीम

४.३ विज्ञान, प्रविधिबारे तालिम

४.४ रुपान्तरण, क्षमता विकास, अधिकार र कर्तव्य पालनको प्रयोग,

४.५ प्राविधिक ज्ञान र सीप विकास

४.६ घरेलु तथा हाते सीप

४.७ आधुनिक औजार, उपकरण संचालन सम्बन्धी क्षमता विकास

४.८ प्राप्त ज्ञान, सिपको स्तर उन्नती र प्रमाणिकरण

४.९ आधुनिक कृषि तथा पशु विकास

४.१० समाजमा आवश्यक भएका अन्य सीपहरु

# परिच्छेद–३

## उपसमितिको गठन, विघटन एवं काम, कर्तव्य रअधिकार

५) **मानव संसाधन विकास व्यवस्थापन**: नगर कार्यपालिकाले मानव संसाधन विकासको लागि देहायको व्यवस्था गर्नेछ :–

५.१ उपसमिति गठन

५.२ विषयको छनौट

५.३ आर्थिक व्यवस्थापन

५.४ सहजकर्ता र प्रशिक्षकको व्यवस्थापन

५.५ सहभागी छनौट व्यवस्थापन

५.६ मूल्यांङ्कन व्यवस्थापन

६) **उप समिति गठन प्रकृया**: माथि ५.१ म उल्लेखित मानव संसाधन विकास उपसमिति देहाय बमोजिम गठन गरिनेछ :–

६.१ संयोजक : नगर कार्यपालिका बैठकले तोकेको व्यक्ति १ जना

६.२ सदस्य : नगर कार्यपालिकाका सदस्य मध्येबाट कम्तीमा २ महिला सहित ४ जना

६.३ सदस्य : नगर क्षेत्र भित्रका गैह्सरकारी संस्था (NGO) तथा अन्तराष्ट्रिय गैह्सरकारी संस्था (INGO) हरुमध्येबाट नगर कार्यपालिकाले छानेका १ महिला सहित २ जना

६.४ सदस्य : वित्तीय क्षेत्रमा काम गर्ने व्यक्ति, सहकारी, वैकहरु मध्येवाट नगर कार्यपालिकाले छानेको २ जना

६.५ सदस्य : दमक उधोग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना

६.६ सदस्य सचिव : कर्मचारी नगर कार्यपालिकाले तोकेको १ जना

७) **काम, कर्तव्य र अधिकार**: मानव संसाधन विकास उपसमितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

७.१ चालु बर्षको लागि मावन संसाधनको विषय किटान गर्ने ,

७.२ मानव संसाधनको विकासको योजना बनाई नगर कार्यपलिकाको स्वीकृतिमा लागू गर्ने ,

७.३ मानव संसाधनको विकासको आवधिक मुल्याङ्कन गर्ने ,

७.४ मानव संसाधनको विकासको परियोजना तयार गर्ने ,

७.५ तोकिए अनुसारका अन्य काम गर्ने ,

७.६ आफ्नो कामको प्रगती प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्ने ।

८) **उप समितिको कार्यकालतथा विघठन**: उप समितिको कार्यकाल २ वर्षको हुनेछ । तर देहायका अवस्थामा जुन सुकै वेला विघठन गर्न सक्नेछ,

८.१ पदको दुरुपयोग गरी भ्रष्टचार गरेमा ,

८.२ निस्कृय भई काम नगरेमा ,

८.३ नैतिक चरित्र पतन हुने काम गरेमा ,

८.४ अधिकार भन्दा बाहिर गईकाम गरेमा ,

८.५ नगरपालिकामा सूचीकृत गैह्सरकारी संस्था (NGO) तथा अन्तराष्ट्रिय गैह्सरकारी संस्था ( INGO ) संग मिलेमतो गरी लाभ प्राप्त गरेमा वा गर्ने प्रयत्न गरेमा,

८.६ आर्थिक अनियमितता गरेमा

# परिच्छेद-४

## आचार संहिता

**९) आचार संहिता**: मानव संसाधन विकास उपसमितिले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :–

९.१ सामाजिक मर्यादा पालना गर्नु पर्नेछ ,

९.२ सामाजिक कर्तव्य पालना गर्नु पर्नेछ ,

९.३ वर्ण, लिङ्क र जातका आधारमा भेदभाव गर्न पाईने छैन ,

९.३ संसाधन विकासका लागि सवै वर्ग, क्षेत्र, लिङ्क, जातजातीलाई समान अवसर दिनुपर्नेछ ,

९.४ योग्यता क्षमताको कदर गर्दै पक्षपात रहित काम गर्नु पर्नेछ ,

९.५ आफ्नै विषयमा आफै संलग्नता भई काम गर्न पाईने छैन ।

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**